नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४३८

मितिः२०८३/०१/३०

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै।

विषयः हस्तान्तरण भएका तथा निर्माणाधीन पूर्वाधार परियोजनाहरुको गुणस्तर चेकजाँच महिना अभियान सञ्चालन गर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, भौतिक पूर्वाधार विकास शाखाको प.सं.०८२/८३ च.नं.१८ मिति २०८३/०१/२५ को पत्र मार्फत स्थानीय तहबाट आर्थिक वर्ष २०८१/८२ मा निर्माण सम्पन्न भई हस्तान्तरण भएका/ लिइएका र चालू आर्थिक वर्ष २०८२/८३ मा निर्माणाधीन रहेका आयोजना तथा भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चित गर्ने/ गराउने सम्वन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी पत्रमा उल्लिखित बुँदाहरु आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,

भौतिक पूर्वाधार विकास शाखा, सिंहदरवार काठमाडौं ।

श्री क्षमता विकास महाशाखाः बुँदा नं.२४ र२५मा भएको व्यवस्था तहाँ महाशाखा मार्फत कार्यन्वयन हुन

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(भौतिक पूर्वाधार विकास शाखा)

सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-०८२/०८३
च.नं - १८

मिति २०८३/०१/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं

विषय- विषयः हस्तान्तरण भएका तथा निर्माणाधीन पूर्वाधार परियोजनाहरूको गुणस्तर चेकजाँच महिना अभियान सञ्चालन गर्ने सम्बन्धमा ।

उपर्युक्त विषयमा स्थानीय तहबाट आर्थिक वर्ष २०८१/८२ निर्माण सम्पन्न भइ हस्तान्तरण भएका/ लिइएका र चालू आर्थिक वर्ष २०८२/८३ मा निर्माणाधीन रहेका आयोजना तथा भौतिक पूर्वाधारहरूको तपसिल बमोजिम गुणस्तर सुनिश्चितता गर्नु /गराउनुहुनका लागि सबै स्थानीय तहमा जानकारी गराईदिनुहुन तहाँ पठाइएको व्यहोरा मिति २०८३/०१/२५( सचिवस्तरीय) को निर्णयानुसार अनुरोध छ ।

तपसिल

(क) निर्माण सम्पन्न भई हस्तान्तरण भएका/लिएका आयोजनाका सम्बन्धमा देहायबमोजिम गर्नेः

१. तीनै तहका सम्बन्धित निकायले गत आर्थिक वर्ष र चालू आ.व.को हालसम्ममा निर्माण सम्पन्न भै निर्माण व्यवसायी/उपभोक्ता समितिबाट हस्तान्तरण लिइएका पूर्वाधार (सडक, पुल, सार्वजनिक भवन, खानेपानी पूर्वाधार, सूचना प्रविधि पूर्वाधार लगायत) को सूची बनाउने।
२. उच्च लागत, रणनीतिक महत्व वा जनसुरक्षासँग सम्बन्धित परियोजनालाई Critical Infrastructure का रूपमा प्राथमिकीकरण गर्ने।
३. सडक, पुल, भवन, खानेपानी लगायतका संरचनाका लागि सम्बन्धित निकायले छुट्टाछुट्टै Standard Inspection Checklist तयार गर्ने र inspection गर्न कार्यालयलाई निर्देशन पठाउने ।
४. निर्माण व्यवसायीले DLP (Defect Liability Period) बमोजिम गर्नुपर्ने मर्मत सम्भार र Performance Based Maintenance Contract (कार्यसम्पादनमा आधारित मर्मत सम्भार ठेक्का) बमोजिम राख्नुपर्ने गुणस्तर कायम राखे नराखेको जाँच गर्ने।
५. आयोजनाको Operation and Maintenance (O&M) Plan तयार भएको छ कि छैन जाँच गर्ने।
६. आयोजनामा Maintenance Budget सुनिश्चित भए नभएको यकिन गर्ने।

७. कार्य सम्पन्न प्रतिवेदन एक तह माथिको अधिकारीबाट स्वीकृत भए नभएको यकिन गर्ने। स्वीकृत नभएमा आगामी दिनमा अनिवार्य रूपले तोकिएको अधिकारीबाट प्रतिवेदन स्वीकृत गराई हस्तान्तरण लिन निर्देशन दिने।

८. हस्तान्तरण गरिएका/ लिइएका पूर्वाधारहरूको Fit-for-purpose जाँच गर्ने।

९. पूर्वाधारहरू As-Built-Drawaing भए नभएको जाँच गर्ने र प्रत्येक संरचनाको फोटो, भिडियो, As-built drawing, DLP status लगायतको डिजिटल अभिलेख राख्ने।

१०. पुल, सुरुङ, अस्पताल भवन, खानेपानी प्रणाली जस्ता संवेदनशील संरचनामा अनिवार्य रुपमा जनस्वास्थ्य संवेदनशीलता तथा सुरक्षा परीक्षण (safety Audit) गर्ने।

११. परियोजना/आयोजना हस्तान्तरणपछि जिम्मेवार निकाय स्पष्ट तोकिएको छ कि छैन हेर्ने।

१२. उल्लिखित कार्य गर्दा स्वार्थको द्वन्द्व नहुने गरी अनुगमनको जिम्मेवारी तोक्ने र आयोजना कार्यान्वयनमा संलग्न अधिकारीलाई सोही योजनाको अनुगमन र गुणस्तर चेकजाँचमा नपठाउने।

**(ख) निर्माणाधीन पूर्वाधारहरूका सम्बन्धमा देहायबमोजिम गर्नेः**

१३. अस्वाभाविक र पटक पटक भेरिएशन अर्डर (Variation order) भएका आयोजनाको विशेष परीक्षण गर्ने।

१४. म्याद थप (Extension of Time -EOT) भएका आयोजनाको स्वीकृत कार्यतालिका बमोजिम काम भइरहेको छ छैन यकिन गर्ने।

१५. आयोजनाको Cost Overrun र Time Overrun को औचित्य विश्लेषण गर्ने।

१६. निर्माण व्यवसायीका प्रयोगशालाहरू र सम्बन्धित डिभिजन कार्यालयका प्रयोगशालाहरूमा पर्याप्त उपकरण र सामग्री भए नभएको जाँच गर्ने र ती प्रयोगशालाहरु Accrediate भए नभएको तथा संलग्न प्राविधिकको प्रमाणपत्र प्राप्त (certified) भए नभएको यकिन गर्ने।

१७. आयोजना निर्माणाधीनस्थल (साइट)मा आवश्यक दक्ष प्राविधिक जनशक्ति उपलब्ध भए नभएको जाँच गर्ने।

१८. Contract मा तोकिएबमोजिम डिजाइनमा Professional Liability Insurance गरिएको छ कि छैन हेर्ने।

१९. मोबिलाइजेसन पेश्की तथा आंशिक बिल भुक्तानी प्रचलित कानुनानुसार औचित्यपूर्ण भए नभएको जाँच गर्ने।

**(ग) अन्यः**

२०. महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रले दिएका सुझाव तथा सिफारिसको पालना गरे नगरेको परीक्षण गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
(भौतिक पूर्वाधार विकास शाखा)

सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-०८२/०८३
च.नं -

२१. निश्चित लागत भन्दा बढीका ठूला परियोजनाको गुणस्तरको तेस्रो पक्ष (Third Party) बाट Independent Technical Audit गराउने। परीक्षण गर्ने निकाय र निर्माण/सुपरिवेक्षण गर्ने निकायबीच स्वार्थको द्वन्द्व (Conflict of Interest) हुन नदिने। यस कार्यका लागि विश्वविद्यालय, नेपाल इन्जिनियर्स एसोसिएसन वा मान्यता प्राप्त प्राविधिक संस्थालाई समेत सहभागी गराउन सकिने।

२२. बाढी, पहिरो वा भूकम्प प्रभावित क्षेत्रमा बनेका विपद् संवेदनशील संरचनालाई विशेष प्राथमिकतामा राखी क्षति रोकथाम र नियन्त्रण गर्ने उपाय अवलम्बन गर्ने तथा विपद्को अवस्थामा वैकल्पिक पूर्वाधार प्रयोगको योजना बनाउने।

२३. सबै पूर्वाधारको Geo-tagged digital inventory तयार गर्ने।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका इन्जिनियरहरूको क्षमता अभिवृद्धि योजना तयार गर्ने।

२५. Infrastructure Quality Dashboard, QR Code आधारित संरचना सूचना प्रणाली र Mobile App आधारित Field Inspection प्रणाली निर्माण गरी मन्त्रालय/प्रदेश/स्थानीय तहबाट अनलाइन अनुगमन गर्ने व्यवस्था मिलाउने।

२६. राष्ट्रिय सतर्कता केन्द्रले प्राविधिक परीक्षण (Technical Audit) सङ्ख्या र क्षमता बढाउने। विगतका परीक्षणबाट अनुपालन नभएको (Non-compliance) देखिएको विषयमा सुधार गरे नगरेको चेकजाँच गर्ने।

क्र. सं. २४ र २५ बाहेकका कार्यका लागि सम्बन्धित निकायले आफ्नै आन्तरिक स्रोत परिचालन गरी एक महिनामा कार्यसम्पादन गर्ने र सो को प्रतिवेदन तयार गर्ने। चेकजाँच पश्चात कैफियत देखिएका विषयमा कारवाही वा सुधारात्मक उपायहरू (corrective measures) के गरियो र के गर्न सकिएन सो को प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

<u>सादर अवगतार्थ</u>

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय- जानकारीका लागि अनुरोध छ ।

श्रीमान मुख्य सचिवज्यूको सचिवालय- जानकारीका लागि अनुरोध छ ।

राजन भट्टराई
(उपसचिव)